# <u>प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** प्रदेश नं.३, प्रदेश सरकारको आर्थिक वर्ष २०७६।७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर तथा शुल्कको दर घटाउने, बढाउने, कर लगाउने, कर छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी कानून तर्जूमा गर्न तथा मौजुदा कानूनलाई समय अनुकुल संशोधन गर्न वाञ्छनीय भएकाले,

ऐन प्रदेश सभाले यो बनाएको छ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०७६" रहेको छ।

(२) यस ऐन बमोजिमका दफाहरु मध्ये दफा ६ बाहेकका अन्य दफाहरु सम्वत् २०७६ श्रावण १ गतेदेखि लागु हुनेछ।

(३) यस ऐनको दफा ६ प्रदेश सरकारले तोकेको मितिदेखि लागू हुनेछ।

**२. <u>घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर</u>** : (१) आर्थिक वर्ष २०७६।७७ मा प्रदेश नं. ३ भित्र अनुसूची-१ बमोजिम घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाईने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाका वखत सम्बन्धित स्थानीय तहले संकलन गर्नु पर्नेछ।

तर स्थानीय तहको साधन, श्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले उपदफा (१) बमोजिमको दर अनुसारको शुल्क संकलन गरी बाँडफाँट गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यालयबाट संकलित घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरको जम्मा रकमबाट अनुसूची-१ को विविध खण्डको क्र.सं.१३ बमोजिमको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेको ख-६ विविध खातामा राखि बाँकी रकम मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको राजस्व बाँडफाँटको विवरण प्रत्येक महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तह र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

प्रदेशसभा, प्रदेश नं. ३

**३.** **<u>सवारी साधन कर</u>** : (१) आर्थिक वर्ष २०७६।७७ मा प्रदेश नं. ३ भित्र दर्ता भई प्रयोगमा रहेको सवारी साधनमा अनुसूची-२ बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी साधन कर प्रदेश सरकारले संकलन गर्नेछ।

(३) प्रदेश सरकारले उपदफा (१) बमोजिमको दर अनुसारको कर संकलन गरी प्रदेश विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मध्ये साठी प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र चालीस प्रतिशत रकम तोकिए बमोजिम बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

**४.** **<u>मनोरञ्जन करः</u>** : (१) आर्थिक वर्ष २०७६।७७ मा प्रदेश नं. ३ भित्रको चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर/नाटकघर, फनपार्क, वाटर गार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार, क्यासिनो, फुट्सल, जुम्बा जस्ता मनोरन्जन स्थलमा अनुसूची-३ बमोजिमको मनोरञ्जन कर लगाईने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन करको प्रशासन स्थानीय तहले गर्नेछ।

(३) अनुसूची-३ को सि.नं. १ र २ मा उल्लेखित करदाताले बुझाउनुपर्ने कर महिना समाप्त भएको मितिले २५ दिनभित्र सम्बन्धित स्थानीय तहमा बुझाउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र मनोरञ्जन कर रकम नवुझाउने करदारतालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधिभित्र पनि मनोरञ्जन कर नबुझाएमा बुझाउनुपर्ने कर रकमको पन्ध्र प्रतिशतका दरले वार्षिक ब्याज लगाई त्यस्तो रकम असुल उपर गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम संकलित करको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

**५.** **<u>विज्ञापन कर</u>** : (१) आर्थिक वर्ष २०७६।७७ मा प्रदेश नं. ३ भित्र राखिने होर्डिङ बोर्ड, साइन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापनमा विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) अनुसारको विज्ञापन करको दर एवं कर उठाउने प्रणाली स्थानीय तहले निर्धारण गरे बमोजिम नै हुनेछ।

(३) उपदफा (१) बमोजिमको विज्ञापन करको प्रशासन स्थानीय तहले गर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र विज्ञापन कर रकम नवुझाउने करदारतालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधिभित्र पनि विज्ञापन कर नबुझाएमा बुझाउनुपर्ने कर रकमको पन्ध्र प्रतिशतका दरले वार्षिक ब्याज लगाई त्यस्तो रकम असुल उपर गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम संकलित करको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

६. <u>कृषि आयमा कर</u> : (१) आर्थिक वर्ष २०७६।७७ मा स्वयं घोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि कृषि आयमा कर लगाईने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कृषि आयमा लाग्ने करको दर तथा सीमा अनुसूची-४ बमोजिम हुनेछ।

(३) कृषि आयमा कर लगाउने कार्यविधि प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

७. <u>पर्यटन शुल्क</u> : आर्थिक वर्ष २०७६।७७ मा प्रचलित कानून बमोजिम पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

८. <u>सवारी चालक अनुमति पत्रको इजाजत दस्तुर, सवारीको दर्ता किताव (ब्लु बुक) दस्तुर</u> : सवारी चालक अनुमति पत्रको इजाजत दस्तुर, सवारीको दर्ता किताव (ब्लु बुक) दस्तुर सम्बन्धी व्यवस्था प्रदेश सवारी तथा यातायात सम्बन्धी कानूनी व्यवस्था नभएसम्मको लागि प्रचलित कानून बमोजिम हुनेछ।

९. <u>ढुङ्गा, गिटी, बालुवा, दहत्तर बहत्तर शुल्क</u>: (१) आर्थिक वर्ष २०७६।७७ मा ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर वहत्तरको संकलनमा अनुसूची-५ बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ।

(२) स्थानीय तहले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी उपदफा (१) बमोजिमको सामग्रीमा विक्री मूल्य तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित स्थानीय तहले गर्नेछ।

प्रदेशसभा, प्रदेश नं. ३

(४) उपदफा (१) बमोजिम संकलित रकम तोकिए बमोजिम बाँडफाँट हुनेछ।

(५) उपदफा (१) बमोजिम संकलित करको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची-५ को सि.नं. ७ बमोजिम सिमेन्ट कारखानाबाट संकलन हुने प्राकृतिक श्रोत शुल्क बमोजिमको राजस्व मध्येबाट चालीस प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा र साठी प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा मासिक रुपमा दाखिला गर्नुपर्नेछ।

१०. **जरिवाना** : (१) प्रदेश भित्र कुनै व्यक्ति, संस्था वा निकायले प्रदेश कानूनको उल्लङ्घन गरेको पाइएमा प्रदेश सरकारले दण्ड तथा जरिवाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ।

११. **अन्य राजस्व** : (१)प्रदेश सरकारको विभिन्न मन्त्रालय मातहत रहेका कार्यालयहरुको कार्य-प्रकृति अनुसार बस्तु तथा सेवा प्रवाहको माध्यमबाट संकलन हुने दर्ता शुल्क, बिक्री मुल्य वा शुल्क तथा दस्तुर प्रदेश कानूनमा निर्धारण नभईसकेको अवस्थामा प्रचलित कानूनमा उल्लेख भएको दरमा संकलन गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम संकलन भएको कर तथा गैर कर राजस्व रकम मासिक रुपमा प्रदेश संञ्चित कोषमा दाखिला गरी सो को विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

१२. **दर घटाउन, बढाउन वा छुट दिन सक्ने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाईने दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाएको, बढाएको वा छुट दिएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महशुल र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

प्रदेशसभा, प्रदेश नं. ३

१३. **<u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकवा गर्न सक्ने</u>** : प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपदको कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित ऐन तथा यस ऐनको कार्यान्वयनमा कुनै वाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

१४. **<u>प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ मा संशोधन</u>** : (१) दफा १० को उपदफा ५ को शब्दहरुको सट्टामा “उपदफा (१) बमोजिमको सवारी साधन कर प्रदेश सरकारले संकलन गरी प्रदेश विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।“ शब्दहरु राखिएको छ।

(२) दफा १५ को **दहत्तर बहत्तर शुल्क** शब्दको सट्टामा “**<u>ढुङ्गा, गिटी, बालुवा, खरिढुङ्गा, दहत्तर बहत्तर शुल्क</u>**” शब्द राखिएको छ।

(३) दफा १५ को उपदफा १,२,३,४,५ र ६ को “ढुङ्गा, गिटी, बालुवा, दहत्तर र वहत्तर” शब्दहरुको सट्टामा “ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर वहत्तर” शब्द राखिएको छ।

प्रदेशसभा, प्रदेश नं. ३

अनुसूची-१

दफा २ सँग सम्बन्धित

(घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर)

**(क) घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क**

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको | उ.न.पा. क्षेत्रको दस्तर | न.पा. क्षेत्रको दस्तर | गा.पा. क्षेत्रको |
| १ | राजिनामा, सट्टापट्टा, सगोलनामा र छोडपत्रको लिखत | | | | |
| | (क) राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमा | ४% | ३% | २% | १% |
| | (ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | (घ) छोडपत्र(आफ्नो हक हिस्सा बराबरको थैली अंकमा) | ५% | ४.५% | ४% | २% |
| २ | दर्ताफारी (संयुक्त दर्तावाला वीचको) लिखतको थैली अङ्कमा | २.५% | २% | २% | १% |
| ३ | हालैदेखिको वकसपत्रको लिखत<br>हालैदेखिको वकसपत्रको लिखतको थैली अङ्कमा<br>(क) बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजु ,भाइ, | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | भाइबुहारी, दिदी, बहिनी, छोरा, छोरा-बुहारी, छोरी, छोरी-ज्वाँइ, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीबुहारी, काका-काकी, मामा-माइज्यु, भान्जा-भान्जी, ठूलोबुवा, ठूलीआमा (बावु तर्फका), आमाजु, नन्द, सौता-सौता र एकै दाजु-भाईको छोरा, छोरी, फूपू र भदा-भदै बीच। | | | | |
| | (अ) रु.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | १% | ०.५% |
| | (आ) रु.१ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | (ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा | १५% | १५% | १५% | १०% |
| | <u>**स्पष्टीकरणः**</u><br>सरकारी विश्व विद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश सरकारका कार्यालय, स्थानीय तह तथा नेपाल सरकार र प्रदेश सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन। | | | | |

प्रदेशसभा, प्रदेश नं. ३

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | <u>अंशवण्डा तथा अंश भर्पाईको लिखत</u><br>अंशवण्डा तथा अंश भर्पाईको लिखतमा<br>(क) रु.३० लाखसम्मको थैली अङ्कमा<br>(ख) रु.३० लाखभन्दा बढी रु.२ करोडसम्मको थैली अङ्कमा<br>(ग) रु.२ करोडभन्दा माथिको थैली अङ्कमा | <br><br>०.२%<br>०.३%<br>०.५% | <br><br>०.२%<br>०.३%<br>०.५% | <br><br>०.२%<br>०.३%<br>०.५% | <br><br>०.२%<br>०.३%<br>०.५% |
| ५ | <u>मानो छुट्टिएको र मानो जोडिएको लिखत</u><br>(क) मानो छुट्टिएको प्रति लिखत<br>(ख) मानो जोडिएको प्रति लिखत | <br>१२०००।-<br>१५०००।- | <br>११०००।-<br>१२०००।- | <br>१००००।-<br>१००००।- | <br>५०००।-<br>५०००।- |
| ६ | <u>शेषपछिको बकसपत्रको लिखत</u><br><u>शेषपछिको बकसपत्र/अष्टलोहको प्रतिलिखत</u><br>(क)तीन पुस्ताभित्रको<br>(ख) तीन पुस्ताबाहिरको | <br><br>७०००।-<br>१२०००।- | <br><br>६०००।-<br>११०००।- | <br><br>५०००।-<br>१००००।- | <br><br>२०००।-<br>४०००।- |
| ७ | <u>शेषपछिको बकसपत्र संशोधन वा रद्द गर्दा</u><br>(क) शर्त संशोधन<br>(ख) बकसपत्र रद्द | <br>१२००।-<br>१५००।- | <br>१०००।-<br>१४००।- | <br>९००।-<br>१२००।- | <br>६००।-<br>१०००।- |

प्रदेशसभा, प्रदेश नं. ३

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | अन्य लिखत<br>(क) रकम खुलेकोमा<br>(ख) रकम नखुलेकोमा | ४%<br>७०००।- | ३%<br>६०००।- | २%<br>४०००।- | १%<br>२०००।- |
| ९ | वन्धकीको लिखत<br>दृष्टीवन्धकी, भोगवन्धकी र लख वन्धकीको लिखतको थैली अंकमा | १% | १% | १% | १% |
| १० | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत<br>अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ११ | कपाली तमसुक र करारनामाको लिखत<br>दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% | १% |
| १२ | सि.नं.४ को अंशबण्डा तथा अंश भर्पाइको लिखत घर जग्गा भएको कुनै इलाका वा जिल्लामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं.१ देखि ७ सम्मका घर जग्गा रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरु अर्को इलाकामा पारित गर्न सकिने छैन। | | | | |
| १३ | गुठी स्थापना गरेको लिखत (प्रति लिखत) | २०००।- | १५००।- | १०००।- | ५००।- |
| १४ | मासिक एकलाख भन्दा बढी घरबहाल लिनु दिनु गरेको लिखत (प्रति लिखत) थैली अंकमा | १% | १% | १% | १% |
| १५ | अचल सम्पत्ति फलोपभोग भएको लिखत (प्रति लिखत) थैली अंकमा | ०.२५% | ०.२५% | ०.२५% | ०.२५% |

प्रदेश सभा, प्रदेश नं. ३

**(ख) सेवा शुल्क**

| सि.नं. | लिखतको प्रकार | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १ | <u>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क/दस्तुर :</u><br>(क) काठमाण्डौ उपत्यका क्षेत्रमा<br>(ख) तराई क्षेत्रमा<br>(ग) अन्य क्षेत्रमा | १५०००।-<br>१५०००।-<br>१५०००।- | १२०००।-<br>१००००।-<br>७०००।- | १००००।-<br>७०००।-<br>५०००।- | ७०००।-<br>३०००।-<br>२०००।- |
| २ | <u>वित्तीय धितो:</u><br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टि बन्धक लिखतमा<br>(क)रु.१,००,०००।- सम्मको लिखतको थैली अंकमा<br>(ख)रु.१,००,०००।- भन्दा बढी रु.५,००,००० सम्मको लिखतको थैली अंकमा<br>(ग) रु.५,००,०००।— भन्दा बढी रु.१०,००,००० | १०००।- | १०००।- | १०००।- | १०००।- |

प्रदेशसभा, प्रदेश नं. २

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्मको लिखतको थैली अंकमा | १५००।- | १५००।- | १५००।- | १५००।- |
| | (घ) रु.१०,००,०००।- भन्दा बढी रु.२०,००,००० सम्मको लिखतको थैली अंकमा | २५००।- | २५००।- | २५००।- | २५००।- |
| | (ङ) रु.२०,००,०००।- भन्दा बढी रु.५०,००,००० सम्मको लिखतको थैली अंकमा | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| | (च) रु.५०,००,०००।- भन्दा बढी रु.१,००,००,००० सम्मको लिखतको थैली अंकमा | ५०००।- | ५०००।- | ५०००।- | ५०००।- |
| | | २००००।- | २००००।- | २००००।- | २००००।- |

प्रदेशसभा, प्रदेश नं. ३

| | | | | | |
|---|---|---|---|---|---|
| | (छ)रु.१,००,००,०००।- भन्दा बढी रु.२,००,००,००० सम्मको लिखतको थैली अंकमा<br>(ज) रु.२,००,००,०००।— भन्दा बढी रु.५,००,००,००० सम्मको लिखतको थैली अंकमा<br>(झ) रु.५,००,००,०००।— भन्दा बढी जति सुकै थैली अंकमा | ३००००।-<br>६५०००।-<br>१०००००। | ३००००।-<br>६५०००।- | ३००००।-<br>६५०००।—<br>१००००० ।- | ३००००।-<br>६५०००।-<br>१०००००। |
| ३ | <u>लीज</u><br><u>सरकारी जग्गा लीजमा उपलब्ध गराउने</u><br>(सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची-१ अनुसारको शुल्क लाग्नेछ) | | | | |
| ४ | <u>जग्गा धनी दर्ता श्रेस्ताको प्रतिलिपीको लागि(टिकट बाहेक) प्रति पुर्जा :</u><br>(क)काठमाण्डौ उपत्यका क्षेत्रमा<br>(ख) तराई क्षेत्रमा<br>(ग) अन्य क्षेत्रमा | १०००।-<br>१०००।-<br>१०००।- | १०००।-<br>७००।-<br>५००।- | १०००।-<br>५००।-<br>३००।- | ५००।-<br>२००।-<br>१००।- |
| | <u>नोट:</u> जुनसुकै प्रयोजनको लागि प्रतिलिपी लिँदा समेत लागु हुनेछ । | | | | |
| ५ | <u>दाखिला खारेज शुल्क</u><br>(क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको | | | | |

प्रदेशसभा, प्रदेश नं. ३

| | | | | | |
|---|---|---|---|---|---|
| | फैसला वा मिलापत्र अनुसारको दाखिला खारेज गर्दा | ५% | ४.५% | ४% | २% |
| | (ख) अन्य मिलापत्र(अंश र अपुताली बाहेक) को दाखिला खारेज गर्दा | ५% | ४.५% | ४% | २% |
| | (ग) बैंक तथा वित्तीय संस्था वा सहकारी संघ संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दा.खा. गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | (घ) बैंक वित्तीय संघ संस्था वा सहकारी संघ संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक तथा वित्तीय संघ संस्था वा सहकारी संघ संस्थाले आफ्नो नाममा दाखिला खारेज गर्दा प्रति मिसिल | ७०००।-<br>२.५% | ६०००।-<br>२% | ५०००।-<br>२% | २०००।-<br>१% |
| | (ङ) बैंक वित्तीय संस्था वा सहकारी संघ संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक तथा संघ संस्था आफैले सकार गरेपछि सम्बन्धित | ५००।- | ४००।- | ३००।-<br>१०००।- | २००।- |

प्रदेश सभा, प्रदेश नं. ३

| | | | | | |
|---|---|---|---|---|---|
| | ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा<br>(अ) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दा.खा. हुन आउँदा प्रति मिसिल<br>(आ) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिला खारेज गर्दा प्रति मिसिल<br>(च) <u>शेषपछिको बकसपत्रको दाखिला खारेज</u><br>(अ) तीन पुस्ता भित्रको भए<br>(आ) तीन पुस्ता बाहिरको भए(थैली अंकमा) | ५०००।-<br><br>अंशबण्डा सरह<br><br>राजिनामा सरह | ३०००।-<br><br>अंशबण्डा सरह<br><br>राजिनामा सरह | अंशबण्डा सरह<br><br>राजिनामा सरह | ५००।-<br><br>अंशबण्डा सरह<br><br>राजिनामा सरह |
| ६ | <u>नामसारी</u><br>(क) तीन पुस्ता भित्रको नामसारी गर्दा<br>(ख) तीन पुस्ता बाहिरको नामसारी गर्दा | १५००।-<br>३५००।- | १२००।-<br>३०००।- | १०००।-<br>३०००।- | ५००।-<br>१५००।- |
| ७ | <u>हाल साविक</u><br>पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | ४००।- | ३००।- | २००।- | १००।- |
| ८ | <u>घर कायम</u><br>श्रेस्ता पुर्जामा घर जनाउने प्रति | २५००।- | २०००।- | २०००।- | ५००।- |

प्रदेशसभा, प्रदेश नं. ३

| | | | | | |
|---|---|---|---|---|---|
| | निवेदन | | | | |
| ९ | <u>संशोधन दस्तुर</u><br>मालपोत ऐन, २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नुपर्दा प्रति मिसिल | ३००।- | २००।- | १००।- | ५०।- |
| १० | <u>रोक्का दस्तुर</u> | | | | |
| | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अंक जतिसुकै भए पनि) | नलाग्ने | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | (ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | | | |
| | (अ) रु.१,००,०००।- सम्मको ऋण अंकमा | ५००।- | ४००।- | ३००।- | २००।- |
| | (आ) रु.१,००,०००।— भन्दा बढी रु. ५,००,०००।— सम्म | ८००।- | ७००।- | ५००।- | ३००।- |
| | (इ) रु.५,००,०००।— माथिको जतिसुकै ऋण अंकमा | १०००।- | ८००।- | ७००।- | ५००।- |
| | (ई) ऋण अंक नखुलेकोमा | ५०००।- | ४०००।- | ३०००।- | २०००।- |

(ग) विविध

| | |
|---|---|
| १ | अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अंक अनिवार्य खुलाउनु पर्नेछ। |
| २ | काठमाडौं उपत्यका भित्रका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अंकको (०.५)शून्य दशमलव पाँच प्रतिशत शुल्क बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क असुल गरिनेछ। उक्त रकम कार्यविधि बनाई खर्च गर्नुपर्नेछ। |

| | |
|---|---|
| ३ | स्वदेशी लगानीका जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैची खेती, जडीवुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ४ | स्वदेशी लगानीका सामूहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरु मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ५ | स्वदेशी लगानीका सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ६ | (क) कृषि ऋण वीमा संस्थान बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी विश्वविद्यालय बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना बहालवाला कर्मचारीहरुलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। तर सेवा शुल्क रु. १०००।- लाग्नेछ।<br>उल्लिखित संघ संस्थासँग सम्बन्धित एजेन्टलाई यस बुँदाको व्यवस्था बमोजिमको सुविधा प्रदान गर्नका लागि मालपोत कार्यालय वाध्य हुने छैन । |
| | (ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित वचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरुलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको दृष्टि बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। तर सेवा शुल्क रु. ५००/- लाग्नेछ। |
| ७ | (क) सहकारी ऐन २०७४ बमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरुले आफ्ना शेयर सदस्यहरुबीच ऋण लगानी/प्रवाह गर्दा तीस लाख रुपैंयासम्मको थैली अंकमा रोक्का दस्तुर बाहेक सेवा शुल्क वापत रु.२००।-लाग्नेछ। सो भन्दा माथिको थैली अंकमा खण्ड ख सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्ने छ। |
| | (ख) बैकिङ्ग तथा वित्तीय व्यवसाय र वीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु साथै सहकारी संघ/संस्थाहरु एक आपसमा गाभिएमा संस्थाहरुले सो प्रयोजनका लागि घर |

| | |
|---|---|
| | जग्गाको एकत्रित गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर/शुल्क लाग्ने छैन। |
| ८ | जनआन्दोलन पहिलो, दोश्रो, जनयुद्ध र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्णरुपमा छुट हुनेछ। |
| ९ | अपाङ्गता भएका व्यक्ति, दलित एवं पिछडिएका तथा अल्पसंख्यक, सिमान्तकृत जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणका आधारमा तिनिहरुको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घरजग्गा रजिष्ट्रेशन शुल्कमा २५ प्रतिशत छुट हुनेछ। |
| १० | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा भने पैंतीस प्रतिशत छुट हुनेछ। |
| | (ख) गाउँपालिकाको क्षेत्रभित्रको जग्गामा महिलाको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पैंतीस प्रतिशत छुट हुनेछ। |
| | (ग) देहायको स्थानमा पचास प्रतिशत छुट हुनेछ। |
| | अ) रसुवा जिल्लाको सदरमुकाम बाहेक। |
| | आ) दोलखा जिल्लाका लामाबगर, गौरीशंकर, आलम्पु, मार्वु, स्यामा, वगु, खारे र चिलंखा साविकको गाउँ विकास समितिको हकमा। |
| | (इ) धादिङ जिल्लाका सेर्तुङ, तिप्लीङ, री, लप्पा, ओलाङ, सत्यदेवी, दार्खा, वसेरी, बुढाथुम, मूलपानी, फूलखर्क, सल्यानकोट र गुम्दीसाविकको गाउँ विकास समितिको हकमा। |
| | (ई) सिन्धुपाल्चोक जिल्लाको तातोपानी, गुम्वा, गोल्चे र फुल्पीङकट्टी साविकको गाउँ विकास समितिको हकमा |
| | घ) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा साविकको थैली अंक कायम गरी सो संगोलनामाको लिखतमा रु. १००।- मात्र रजिष्ट्रेशन दस्तुर लाग्नेछ। |

| | |
|---|---|
| | ङ) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचास प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ११ | भूमिहीन मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रुपमा छुट हुनेछ। |
| १२ | बैंक, वित्तीय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिला खारेज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तीय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ। |
| १३ | रजिष्ट्रेशन शुल्क वापत मालपोत कार्यालयले उठाएको रजिष्ट्रेशन शुल्क मध्येबाट २(दुई) प्रतिशत मालपोत/भूमि सुधार/नापी कार्यालयहरुको संस्थागत सुदृढीकरण, भवन निर्माण, मर्मत, श्रेस्ता व्यवस्थापनमा खर्च गर्ने गरी सम्बन्धित मालपोत कार्यालयहरुमा उपलव्ध गराइनेछ। यसरी उपलव्ध गराएको रकम रु.छ लाख भन्दा बढी भएमा सो भन्दा बढी भएको रकम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा एउटा कोष सञ्चालन गरी छुट्टै खातामा जम्मा गरिनेछ। उपरोक्त बमोजिमको रकम कार्यविधि बमोजिम खर्च गर्नुपर्नेछ। |
| १४ | प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्थाले आफ्नो नाउँमा निःशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिन सक्नेछ।<br>तर यस बुँदा बमोजिम छुट दिंदा प्रदेश सरकारको राजस्वको अवस्था तथा सम्बन्धित विषयमा पर्याप्त अध्ययन गरेर मात्र छुट दिनुपर्ने छ। सबै संघ संस्था वा निकायलाई छुट दिन प्रदेश सरकार बाध्य हुने छैन। |

| | |
|---|---|
| १५ | सहकारी ऐन बमोजिम दर्ता भएका सहकारी संघ/संस्थाहरुले संस्थाको प्रयोजनका लागि मात्र काठमाडौं उपत्यकामा १ रोपनी, पहाडी क्षेत्रमा २ रोपनी र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सिफारिसमा पूर्ण रुपमा छुट हुनेछ।<br><br>कृषि व्यवसायमा आधारित सहकारी संघ/संस्थाहरुले सहकारी मार्फत उत्पादन, प्रशोधन र बजारीकरण प्रयोजनको लागि आवश्यक पर्ने जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सम्बन्धित स्थानीय तह, सहकारी विभाग र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले छुट दिन सक्नेछ।<br><br>तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असुल उपर गरिनेछ। |
| १६ | विविधको क्रम संख्या ८, ९, १० र ११ बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ। |
| १७ | एउटै कारोबारबाट ५० लाख रुपैंया वा सो भन्दा माथिको घर वा जग्गा खरिद विक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ। |
| १८ | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिईनेछ। |
| १९ | तीन पुस्ता भित्र छोरी वा नातिनीहरुमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रम संख्या २ मा उल्लेखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| २० | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २१ | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायलाई निःशुल्क रुपमा प्राप्त भएमा वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायले खरिद गरी लिएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |

| | |
|---|---|
| २२ | वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ।<br><br>तर एकासंगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गाको लिखतको हकमा यो प्रावधान लागु हुने छैन। |
| २३ | गुठी संस्था दर्ता गर्दा सेवा शुल्क वापत रु. १०००।- लाग्नेछ। |
| २४ | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम मालपोत कार्यालयबाट संकलित रजिष्ट्रेशन दस्तुर वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको ख-६ विविध खातामा जम्मा गरी प्रत्येक महिना समाप्त भएपछि संकलित रकमको चालीस प्रतिशत प्रदेशलाई र साठी प्रतिशत सम्बन्धित स्थानीय तहहरुलाई बाँडफाँट गर्नुपर्नेछ। |
| २५ | विविधको सि.नं. ३, ४ र ५ को छुट पाउने संस्था वा निकायले आफ्नो निकायको कार्यप्रकृति सँग सम्बन्धित कागजातको साथै सो प्रमाणित हुने सम्बन्धित स्थानीय तहको सिफारिस पनि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र सि.नं. १०(ङ) को हकमा सम्बन्धित स्थानीय तहको अतिरिक्त श्रम कार्यालयको सिफारिस समेत पेश गर्नुपर्नेछ। |

प्रदेशसभा, प्रदेश नं. २

# अनुसूची-२

दफा ३ सँग सम्बन्धित
(सवारी साधन कर)

| सि.नं. | सवारी साधनको विवरण | बार्षिक कर |
|---|---|---|
| १ | <u>**निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-**</u> | |
| | (क) कार, जिप, भ्यान, माइक्रो बस | |
| | (अ) १००० सि.सि. सम्म | २०,९००।- |
| | (आ) १००१ देखि १५०० सि.सि. सम्म | २३,१००।- |
| | (इ) १५०१ देखि २००० सि.सि. सम्म | २५,३००।- |
| | (ई) २००१ देखि २५०० सि.सि. सम्म | ३५,२००।- |
| | (उ) २५०१ देखि २९०० सि.सि. सम्म | ४०,७००।- |
| | (ऊ) २९०१ देखि माथि सबै | ५८,३००।- |
| | (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनिटिपर | |
| | (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | ३८,५००।- |
| | (आ) मिनिटिपर | २७,५००।- |
| | (ग) ट्रेक्टर, पावर टिलर | |
| | (अ) ट्रेक्टर | ५,०००।— |
| | (आ) पावर टिलर | ३,३००।— |
| | (गैर कृषि प्रयोजनमा लागि बार्षिक कर दर रु.१५०००।— हुने) | |
| | (घ) मिनिट्रक/मिनिबस | |

| | | |
|---|---|---|
| | (ङ) ट्रक/बस | २४,२००।— |
| | | ३३,०००।— |
| | (च) मोटर साइकल | |
| | (अ) १२५ सि.सि. सम्म | |
| | (आ) १२६ सि.सि. देखि २५० सि.सि. सम्म | २,७५०।- |
| | (इ) २५१ सि.सि. देखि ४०० सि.सि. सम्म | ४,४००।- |
| | (ई) ४०१ सि.सि. देखि ६५० सि.सि. सम्म | |
| | (उ) ६५१ सि.सि. देखि माथि | ८,८००।- |
| | | १६,५००।- |
| | | २५,१००।- |
| २ | <u>**भाडामा दर्ता भएको सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-**</u> | |
| | (क) कार, जिप, भ्यान, माइक्रो बस | |
| | (अ) १३०० सि.सि. सम्म | ८,८००।- |
| | (आ) १३०१ देखि २००० सि.सि. सम्म | ९,९००।- |
| | (इ) २००१ देखि २९०० सि.सि. सम्म | |
| | (ई) २९०१ देखि ४००० सि.सि. सम्म | १२,१००।- |
| | (उ) ४००१ देखि माथि सवै | १४,३००।- |
| | | १६,५००।- |
| | (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | |
| | (ग) ट्रेक्टर, पावर टिलर | १८,७००।- |
| | (अ) ट्रेक्टर | |
| | (आ) पावर टिलर | |
| | (गैर कृषि प्रयोजनमा लागि बार्षिक कर | ५,०००।- |
| | | ३,३००।- |

| | | |
|---|---|---|
| | दर रु.१५०००।— हुने)<br><br>(घ) मिनिट्रक, मिनिबस<br>(ङ) मिनिटिपर<br>(च) ट्रक, बस | १३,२००।-<br>१५,४००।-<br>१७,६००।- |

| | |
|---|---|
| ३ | तपसिलमा उल्लेख भएका सवारी साधनहरुलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्ने छ-:<br>(क) नेपाल सरकार र प्रदेश सरकारको नाउँमा दर्ता भएका,<br>(ख) गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिको नाउँमा दर्ता भएका। |
| ४ | विद्युतिय माध्यमबाट सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्धारा सञ्चालन हुने सवारी साधनमा लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ। |
| ५ | सुरु पैठारी मितिले एक बर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। |
| ६ | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी प्रदेश सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन। |
| ७ | साविक बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना २० वर्ष नकटेका सवारी साधनहरुलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ। तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन। |

| | |
|---|---|
| ८ | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई सहुलियतको रुपमा भाडाका छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नुपर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन्। |
| ९ | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ट रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन्। यसरी अग्रिम रुपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ। |
| १० | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ११ | यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |
| १२ | दश लाख रुपैंया भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नुपर्नेछ। |
| १३ | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका १५० सी.सी सम्मका स्कुटरमा सवारी साधन कर लाग्ने छैन। |
| १४ | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रुपमा रुपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनुपर्ने सवारी साधन कर बापत पचास हजार रुपैंया वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ।<br>तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरुलाई दिइने छैन। |
| १५ | प्रदेश सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनको हकमा उक्त सवारी साधन जफत गरेदेखि लिलाम प्रक्रिया समाप्त भएसम्मको अवधिको कर लाग्ने छैन। |

अनुसूची-३
दफा ४ सँग सम्बन्धित
(मनोरञ्जन कर)

| सि.नं. | विवरण | करको दर |
|---|---|---|
| १ | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरुबाट प्रति टिकट | ५% |
| २. | भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर/नाटकघर, फनपार्क, वाटर गार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार, क्यासिनो, फुट्सल, जुम्बा लगायतकामा प्रति टिकट/ विल | ५% |
| ३. | तीन महिनासम्म जादु सर्कस मेला सञ्चालन गराए बापत प्रतिदिन | रु.१००।- |
| ४. | तीन महिना भन्दा बढी जादु सर्कस मेला वा मनोरञ्जन प्रदायक कार्यक्रम सञ्चालन गराए बापत मासिक | रु. ५०००।- |

प्रदेशसभा, प्रदेश नं. ३

अनुसूची-४
दफा ६ सँग सम्बन्धित
(कृषि आयमा कर)

| सि.नं. | आयको वर्गीकरण | करको दर |
|---|---|---|
| (क) | कूल आय रु. ५,००,००० सम्म | शुन्य दर |
| (ख) | कूल आय रु. ५,००,००१ देखि ५०,००,००० सम्म | १.५% |
| (ग) | कूल आय रु. ५०,००,००१ देखि १,००,००,००० सम्म | १.७५% |
| (घ) | कूल आय रु. एक करोडभन्दा माथि | २% |

प्रदेशसभा, प्रदेश नं. २

अनुसूची-५

दफा ९ सँग सम्बन्धित

(ढुङ्गा, गिटी, बालुवा, दहत्तर बहत्तर शुल्क)

| सि.न. | विवरण | इकाई | दर (रुपैयांमा) |
|---|---|---|---|
| १ | माटो *(स्वीकृत खानी क्षेत्र बाहेकमा)* | प्रति घन फिट | २।५० |
| २ | ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा *(स्वीकृत खानी क्षेत्र बाहेकमा)* | प्रति घन फिट | ९।- |
| ३ | स्लेट *(स्वीकृत खानी क्षेत्र बाहेकमा)* | प्रति वर्ग फिट | ९।- |
| ४ | दहत्तर वहत्तर सामाग्रीको बिक्री मुल्यमा दश प्रतिशत शुल्क लाग्नेछ । | | |
| ५ | सि.नं. १ को माटो घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) को शुल्क रु २।५० प्रति क्युफिट दर तोकिएकोमा धेरै मात्रामा माटो प्रयोग हुने उद्योग (जस्तो इट्टा उद्योग) हरुलाई उद्योगको क्षमताको आधारमा सम्बन्धित स्थानीय तहले बार्षिक रुपमा शुल्क निर्धारण गर्न सक्नेछ। यसरी बार्षिक शुल्क निर्धारण गर्दा जोडिएका स्थानीय तहहरुसँग समेत आवश्यक समन्वय गर्नुपर्नेछ। | | |
| ६ | व्यक्तिको निजी जग्गाबाट माटो बिक्री गर्दा जग्गा धनीले नै कति घनफिट माटो बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन गर्नुपर्नेछ। सो सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी वार्षिक रुपमा एकमुष्ट शुल्क लिने गरी व्यवस्था मिलाउनु पर्नेछ।<br>सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको माटो उत्खनन् गर्दा निम्न कुरामा विचार गरेर मात्र स्थानीय तहले स्वीकृत दिनुपर्नेछः | | |
| | ▪ साँध सिमानामा पर्ने जग्गा धनीको लिखित स्वीकृति भएको हुनुपर्ने छ,<br>▪ माटो उत्खननबाट प्राकृतिक श्रोतको दुरुपयोग, भौगोलिक संरचना, मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना, सडक, कुलो नहर, साँध सिमानामा रहेको छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनुपर्नेछ, | | |
| ७ | प्रदेश भित्र उत्पादन हुने सिमेन्टको हकमा कारखाना मूल्यको ०.२५ प्रतिशतका दरले प्राकृतिक श्रोत शुल्क लगाइने छ। (संघीय कानून बमोजिम चुनढुङ्गा खानीको अनुमति लिई सञ्चालनमा रहेका सिमेन्ट उद्योगलाई सि. नं. २ मा उल्लिखित चुनढुङ्गामा शुल्क नलाग्ने) | | |

पारित मिति : २०७६।३।१२

प्रमाणिकरण मिति : २०७६।३।२९

प्रदेशसभा, प्रदेश नं. ३